समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, संखुवासभा, १ नं. प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मितिः २०७९/०३/२४ बैठक संख्याः ७

बैठक प्रारम्भ समयः विहानको ८:३० बजे बैठक समापन समयः बजे

आजको नगरकार्यपालिकाको बैठकको कार्यसूचीका आधारमा देहाय अनुसार निर्णयहरु सर्वसम्मत रुपमा पारित गरेको छ ।

निर्णयहरु

१. खाँदबारी नगरपालिकाको शिक्षा नियमावली, २०७५ देहाय बमोजिम संशोधन गर्ने ।

देहायः

नियमावलीको नियम २४ को उपनियम (१) को खण्ड (क) र (ट) मा देहायको खण्ड (क१) र (ट१) थप गर्ने,

(क१) नगरपालिकाको उपप्रमुख - सदस्य

(ट१) शिक्षा क्षेत्रमा उल्लेखनीय योगदान गरेका व्यक्तिहरुमध्येबाट नगरप्रमुखले समावेशी आधारमा मनोनयन गरेका व्यक्तिहरु पाँचजना - सदस्य

२. खाँदबारी नगरपालिकाको नगर खेलकुद विकास समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०७५ देहाय बमोजिम संशोधन गर्ने ।

देहायः

| साविकमा भएको व्यवस्था | हाल संशोधन भएको व्यवस्था |
|---|---|
| (३) नगर खेलकुद विकास समितिको गठनः (१) अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सदस्यहरु तथा सदस्य सचिव समेत गरी १३ जना खाँदबारी नगरपालिका खेलकुद विकास समिति गठन हुनेछन् । | (३) नगर खेलकुद विकास समितिको गठनः (१) अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सदस्यहरु तथा सदस्य सचिव समेत गरी १७ जनाको खाँदबारी नगरपालिकाको नगर खेलकुद विकास समिति गठन हुनेछ ।<br>(२) उपदफा (१) बमोजिम समिति गठन गर्दा नगरपालिकाले खेलकुद क्षेत्रमा उल्लेख्य योगदान गरेका व्यक्तिहरुमध्येबाट नगर खेलकुद विकास समितिको गठन गरिनेछ । उक्त समितिमा उपदफा (१) उल्लेख भएका १७ जना सदस्यहरुमध्ये ११ जना सदस्य हरेक वडाबाट कम्तिमा १ जना पर्ने गरी ११ जना र बाँकी ६ जना सदस्य खेलकुद क्षेत्रमा योगदान गरेका ब्यक्तिहरुमध्येबाट नगरप्रमुखद्वारा मनोनीत हुनेछन् । |

३. खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय तथा मातहतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुले कार्यालयको मोटरसाइकल प्रयोग गर्दा अनिवार्य सवारी चालक अनुमतिपत्र पेश गर्नुपर्ने, कार्यालयको तथा व्यक्तिगत सवारी साधन (सवारी चालक अनुमतिपत्र पेश गर्नुपर्ने) प्रयोग गर्ने कर्मचारीहरुलाई मासिक १० लिटर ईन्धन र बार्षिक रुपमा नियमानुसार रु. १०,०००।- बराबरको मर्मत खर्च उपलब्ध गराउने (प्राविधिक तथा नगरपालिकाको कामको सिलसिलामा बढी आवतजावत गर्ने कर्मचारीहरुलाई प्रमुख प्रशासकीय अधिकृतले इन्धन तथा मर्मत सुविधा थप गर्न सक्ने), वडा कार्यालयहरुका पदाधिकारी तथा कर्मचारीहरुलाई सम्बन्धित वडा कार्यालय मार्फत नै उल्लिखित

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४, नियम ५ बमोजिम कार्यपालिका [illegible] निर्णय प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, संखुवासभा, १ नं. प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मिति: २०७९/०३/२४ बैठक संख्या: ७

बैठक प्रारम्भ समय: विहानको ८:३० बजे बैठक समापन समय: बजे

इन्धन तथा मर्मत सुविधा उपलब्ध गराउने साथै कर्मचारीहरु कार्यालय समयमा कामकाजको लागि कार्यालय बाहिर जानुपर्दा अनिबार्य लगबुक भरी जाने व्यवस्था गर्न कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

४. उद्योग वाणिज्य संघ तथा अन्य निजी क्षेत्रका संघसंस्थाहरुसँग विभिन्न संभावित र आवश्यकीय आयोजनाहरुमा प्रचलित संघ, प्रदेश र स्थानीय कानुन बमोजिम सार्वजनिक निजी साझेदारीको लागि सरोकारवालाहरुसँग छलफल गरी कार्यविधि निर्माण गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी प्रदान गर्ने ।

५. खाँदबारी नगरपालिकाभित्र सञ्चालित तीन पाङ्ग्रे सवारी साधन (टेम्पो) हरुलाई खाँदबारी नगरपालिकाको आर्थिक ऐन,२०७९ मा उल्लेख गरी दर्ताको लागि रु.१,५००।- र नवीकरणको लागि रु.५००।- लाग्ने व्यवस्था गर्ने तथा टेम्पो भाडा सम्बन्धमा सम्बन्धित व्यवसायीहरुसँग छलफल गरी निर्धारण गर्ने ।

६. खाँदबारी नगरपालिका क्षेत्रभित्रबाट प्रसारण लाईन मार्फत बितरण केन्द्रसम्म विद्युत लैजाने जलविद्युत कम्पनीहरुले अनिवार्य रुपमा प्रसारण लाईन निर्माणको लागि नगरपालिकाको स्वीकृति लिनुपर्ने र टावर तथा प्रसारण लाईनमुनि पर्ने जग्गाहरुको उचित क्षतिपुर्ति उपलब्ध गराउनुपर्ने र त्यस्ता जलविद्युत कम्पनीहरुले सञ्चालन गर्ने सामाजिक उत्तरदायित्व अन्तर्गतका योजनाहरु नगरपालिकासँग समन्वय गरी सञ्चालन गर्नुपर्ने व्यवस्थाका लागि सम्बन्धित कम्पनीहरुलाई पत्राचार गर्ने ।

७. खाँदबारी नगरपालिका वडा नं. ४ निवासी श्री गोविन्द चर्मकारको मतान भत्किई एक हल गोरु मरेको हुँदा निजलाई क्षतिपुर्ति स्वरुप रु.२०,०००।- मात्र आर्थिक सहयोग प्रदान गर्ने ।

आगामी बैठक आवश्यकतानुसार बस्ने गरी आजको बैठक अन्त्य गरियो ।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

[illegible] आचार्य
प्रमुख प्रशासकीय अधिकृत